## तिनाउ गाउँपालिका

### गाउँपालिका अध्यक्षद्वारा १४ औं गाउँसभामा गाउँपालिकाको प्रगती बारे गरेको सम्बोधन ।

गाउँसभाका सबै सदस्यज्यूहरु,

गाउँपालिकाको १४ औं गाउँसभाको उदघाटनसत्रको अवसरमा यहाँ उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यहरुलाई तिनाउ गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्दछु । यस गाउँपालिकाको अध्यक्षको रुपमा १४ औं गाउँसभाबाट पारित हुने विधेयक तथा चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका योजना, कार्यक्रमहरु तथा बजेटको संशोधन हुने सभामा सम्बोधन गर्न पाउँदा अत्यन्त हर्षित भएको छु ।

राज्यको वर्तमान व्यवस्था अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा बनाउन सक्ने ऐन, विभिन्न योजनाहरु तथा बजेटलाई संशोधन गर्न पेश गर्ने तथा यथेष्ट छलफल पश्चातः पारित गरी कार्यान्वयनमा ल्याउने यस गरिमामय क्षणमा म राष्ट्रको वर्तमान परिवर्तन र सामाजिक आर्थिक समृद्धिका लागि विभिन्न समयमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधानले गाउँपालिकालाई स्थानीय सरकार सञ्चालनको अधिकार प्रदान गरेको छ । स्थानीय तहको गठन भै स्थानीय तहले आफ्नो एक कार्यकालको कार्य समाप्त गरी दोस्रो निर्वाचनबाट हामी निर्वाचित समेत भएको यो दोस्रो वर्षको वर्तमान परिस्थितिमा प्रयाप्त कानून तथा कर्मचारी अभावका कारण जनताले अपेक्षा गरेका र नेपालको संविधानले परिकल्पना गरेको **"सिंहदरबारको अधिकार गाउँगाउँमा"** भन्ने राज्यको मूल नारालाई सार्थक रुपमा जनमानसमा पुर्याउन नसके पनि हामी यसलाई मूल मन्त्र ठानी विभिन्न समस्याहरुसँग मुकाबिला गर्दै अगाडी बढ्दैछौं । आज यस घडीमा हामीले चालु आ.व.२०८०/८१ मा कार्यान्वयनमा ल्याएको बजेट तथा कार्यक्रमलाई आवश्यक संशोधन हामी आफै गर्न सक्ने अठोटका साथ विभिन्न योजनाहरु तथा बजेटलाई यस सभाबाट सर्वसम्मत रुपमा पारित गर्न उभिएका छौं । जुन तिनाउ गाउँपालिकाको प्रयास र राज्यले स्थानीय सरकारलाई कानून अनुसार उपलब्ध गराएको ठूलो अधिकार समेत हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार तयार भएका विभिन्न योजना तथा बजेटलाई कार्यान्वयनका चरणमा देखिएका विभिन्न समस्याहरुलाई समयमै संशोधन गरी उपयुक्त योजना तथा कार्यक्रमहरुमा बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउन व्यापक रुपमा छलफल गरी तपशिल अनुसारका योजनाहरु संशोधन गर्न गाउँ कार्यपालिकाको मिति २०८०/०९/२५ गतेको बैठकमा निर्णय भए अनुसार आजको कार्यसूचीमा राखिएको छ जुन यस सभाको सर्वसम्मतिमा पारित हुनेछन भन्ने आशा तथा विश्वास व्यक्त गर्न चाहान्छु । यस गाउँपालिकाको विधायन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सभामा पेश गर्न उपलब्ध गराएका तपशिल अनुसारका विधेयक तथा आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पारित गरी गाउँपालिकाबाट गरिने विकास निर्माणका कामलाई कानून सम्मत र वैधानिक बनाउने प्रयासमा यहाँहरुले अमूल्य सहयोग गर्नु हुनेछ भन्न् अपेक्षाका साथ आजको कार्यसूचिमा यी महत्व पूर्ण विधेयकहरुलाई समावेश गरेको छु ।

## तपशिल

१. तिनाउ गाउँपालिकाको आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम संशोधन ।

२. तिनाउ गाउँपालिकाको प्रहरी विधेयक, २०८०

३. तिनाउ गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०८०

४. तिनाउ गाउँपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०८०

**गाउँसभाका सदस्यज्यूहरु**

कानूनी राज्यको अभ्यास भएको मुलुकमा कानून अत्यन्त आवश्यक हतियार हो भन्ने विषयमा मलाई दुइ मत होला भन्ने लाग्दैन । तसर्थ सम्पूर्ण सदस्यज्यूहरुले यसमा अर्थपूर्ण सहभागिता जनाई छलफलमा भाग लिइ आफ्नो कानून आफै बनाउने कार्यमा सफलता प्राप्त गर्नुहुनेछ भन्ने आशा तथा विश्वासका साथ म अब तिनाउ गाउँपालिकामा चालु आर्थिक वर्षमा भएका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथा चुनौतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**हालसम्मका मुख्य मुख्य प्रगतिहरु**

- यस गाउँपालिका भित्र रहेको न्यायिक समिति मार्फत यस आर्थिक वर्षमा जम्मा ५ वटा उजुरीहरु दर्ता भएकोमा ३ वटा उजुरीहरु मेलमिलापको माध्यमबाट फछ्र्यौट गरी बाँकी २ वटा उजुरीहरु छलफलको क्रममा रहेको अवस्था छ ।
- वडा कार्यालय तथा स्वास्थ्य चौकीहरु आफ्नै प्रशासनिक भवनबाट सञ्चालन भैरहेका छन।
- गाउँपालिका भित्रका वर्षातको समयमा विभिन्न घर तथा खेतीयोग्य जमिनमा भएका क्षेतीलाई सहयोग गर्ने कार्य सम्पन्न भएको छ । यसमा पूर्ण घर क्षेती ४, आंशिक घर क्षेती २, जग्गा क्षेती १७, गोठ पूर्ण क्षेती २, औषधि उपचार सहायत २ र पशु क्षेती १ परिवारलाई राहत वितरण गरिएको छ ।
- गाउँपालिकालाई पूर्ण प्रविधि मैत्री बनाउन योजना व्यवस्थापन सफ्टवेयर जडान गरी कार्यान्वयनमा ल्याइएको छ । जसबाट हालसम्म चालु आर्थिक वर्षका ६० वटा योजनाहरुको सम्झौता सम्पन्न भएको छ । चालु आर्थिक वर्षदेखि राजस्व सुत्र प्रणालीबाट संकलन गर्ने कार्यको सुरुवात गरिएको छ । जसले गाउँपालिकाको कार्य सम्पादनलाई छिटो र छरितो बनाउने अपेक्षा लिइएको छ ।
- आर्थिक वर्ष २०८०/८१ मा समपुरक अनुदान तर्फ रकम विनियोजन गरिएका सबै आयोजनाहरुको ठेक्का तथा उपभोक्ता समितिसँगको सम्झौताको आधारमा कार्य सुरुवात गरिएको छ । ठेक्का प्रक्रियाबाट काम गर्दा बचत रहेको रकमबाट पुनः ठेक्का आव्हान गर्ने कार्यको समेत सुरुवात भएको छ । यस गाउँपालिका अन्तर्गत वर्षातको समय अवरुद्ध भएका सम्पूर्ण सडकहरु मर्मत संभार तथा पहिरो सोरसार गरी हाल सञ्चालनमा आएका छन् ।

- वर्षातको समयमा क्षेती भएका सिचाइ खानेपानीका संरचनाहरुलाई सुचारु गर्ने कार्य निरन्तर रुपमा भैरहेको छ ।
- खानेपानी तर्फ विगत वर्षहरुमा निर्माण सम्पन्न हुन नसकेका केही महत्वपूर्ण योजनाहरुको सञ्चालन गर्ने प्रयास गरिएको छ । हात्तीकोट खानेपानी योजनालाई संघीय सरकारको विशेष अनुदानबाट सञ्चालन गर्न ठेक्का आव्हान गर्न अन्तिम चरणमा पुगेको छ ।
- भवन निर्माण तर्फ गाउँपालिकाको प्रशासनिक भवन निर्माणको काम अगाडी बढेको छ । अस्पताल निर्माण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक सहयोगमा निर्माण गर्न छलफल प्रक्रियामा रहेको छ ।
- गाउँपालिका भित्र रहेका विद्यालयहरुको शैक्षिक सुधारको लागि संभाव्यता अध्ययनको कार्य अगाडी वढाइएको छ । शिक्षाको गुणस्तर सुधार गर्न विभिन्न विकल्पहरुको खोजी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य सुरुवात गरिएको छ । गाउँपालिका भित्र रहेका दोभान मा.वि. का ४ वटा र तिलोत्तमा मा.वि. का ३ वटा कक्षाहरुमा Smart Clsassroom को माध्यमबाट अध्यापन गराउन शिक्षण प्रविधि जडान गर्ने कार्य सम्पन्न भएको छ । यी विद्यालयहरुमा भएको यो प्रविधिको प्रभावकारीताको आधारमा अन्य विद्यालयहरुमा पनि यो प्रविधि विस्तार गर्ने कार्यक्रम राखिएको छ ।
- गाउँपालिकाको शैक्षिक विकासको लागि नियमित प्रधानाध्यापकको बैठक, सबै विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन र शिक्षक अविभावक सङ्घ गठन, प्रधानाध्यापकहरुँग शैक्षिक सुधारको विषयमा छलफल र विद्यालयहरुलाई रिक्त रहेको स्थानमा शिक्षक भर्नाका लागि विज्ञापन अनुमति दिने कार्य सम्पन्न भएका छन् ।
- यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालय ३९ वटा र संस्थागत विद्यालय १ वटा गरी जम्मा ४० वटा शैक्षिक संस्थाहरुबाट नियमित शिक्षा सम्बन्धि कार्य संञ्चालन भैरहेको छ । जसमा शिक्षक संख्या निजि श्रोत समेत ३५० विद्यार्थि संख्या ४३५८ रहेको छ । यस अवस्थाबाट सिकाइ उपलब्धिको स्थिति अनुमानित ५० प्रतिशत रहेको छ ।
- कक्षा ८, १० र कक्षा १२ को नतिजा विश्लेषण गरी विद्यार्थी सम्मान गर्ने कार्य सम्पन्न भएको छ । १५ विद्यालयमा विद्यार्थी सत्यापनको कार्य सम्पन्न भएको छ । शिक्षक तालिम तथा विद्यार्थीको प्रतिभा पहिचानको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको छ ।
- गाउँपालिका भित्र शैक्षिक सुधारको कार्यक्रम प्रभावकारी बनाउन गुणस्तरीय डेस्क र बेन्चको खरिद प्रक्रिया अगाडी बढेको छ । बाल कक्षा व्यवस्थापन गर्न भुईं बसाइको कार्यक्रम अन्तर्गत पि-फर्म, जुट कार्पेट तथा टेवल खरिद गरी जडानको क्रममा रहेको छ ।
- गाउँपालिकाले स्वास्थ्य सेवालाई जनताको नजिकबाट सञ्चालन गर्न गाउँपालिकाको विभिन्न स्थानमा सामूदायिक स्वास्थ्य इकाइ सञ्चालन गर्ने काम सम्पन्न भएको छ । यसै गरी स्वास्थ्य शाखा मार्फत औषधि खरिद गर्ने कार्य सम्पन्न भएको छ । गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्था मार्फत नियमित ओ.पि.डी. सेवा तथा ३ वटा स्थानबाट २४ घण्टे प्रसुती सेवाको सञ्चालन गरिएको छ । मासिक रुपमा १८ वटा गाउँघर क्लिनिक र १६ वटा खोप क्लिनिक सञ्चालन गर्ने गरिएको छ । ४० वटा सामूदायीक महिला स्वयम सेविकाबाट

समूदायमा स्वास्थ्य गतिविधिहरु सञ्चालन भैरहेका छन् । गाउँपालिकाको ९ वटा माध्यमिक विद्यालयहरुमा विद्यालय स्वास्थ्य कमिटी गठन तथा परिचालन गरिएको छ । महिलाहरुमा पाठेघरको मुखको क्यान्सर जाँच शिविर सम्पन्न भएको छ । एकिकृत घुम्ति शिविरबाट स्क्रिनिङ गरी पत्तालागेका १५३ जना मोतिविन्दुको समस्या भएका विरामीहरुको निशुल्क अप्रेशन शिविर मार्फत ९९ जना मोतिविन्दुको समस्या भएका विरामीको अप्रेशन सम्पन्न गरिएको छ । मानसिक स्वास्थ्य सम्बन्धी ४ स्थानमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । वडा स्तरिय रक्तदाता परिचालन कमिटीको बार्षिक समिक्षा सम्पन्न भएको छ । विपन्न नागरीकलाई मासिक औषधि उपचार खर्च २२ जनालाई पहिलो किस्ता उपलब्ध गराइएको छ ।

- गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा चालु तर्फ रु. ३६ करोड ६६ लाख विनियोजन गरेकोमा हाल सम्म जम्म रु. ८ करोड ३९ लाख खर्च गरी २२.८९ प्रतिशत खर्च गर्न सफल भएको छ ।
- गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ मा पुँजिगत तर्फ रु. १४ करोड ६५ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. १ करोड २८ लाख मात्र खर्च गरी ८.७८ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ ।
- गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ५१ करोड ३२ लाख विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ६८ लाख खर्च गरी जम्मा १८.८६ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।
- गाउँपालिका सहित यसका सम्पूर्ण ६ वटा वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्ने कार्य सम्पन्न भैसकेको । गाउँपालिकाको वेव साइट, Mobile App, र फेसबुक पेज लगातार Update गर्ने काम भैरहेको छ । गाउँपालिकाका सबै ३९ वटै विद्यालयहरुमा इन्टर्नेट सुविधाको विस्तार गर्ने कार्य सम्पन्न भएको छ ।
- गाउँपालिकाको जानकारीमुलक कार्यक्रहरु Group SMS मार्फत सुचना आदान प्रदान गर्ने कार्यको शुरुवात भएको छ । कार्यालयमा हुन सक्ने संभावित घटनाहरुलाई यथार्थ परक तरिकाले विश्लेषण गर्न CC TV Camera मार्फत निगरानी गर्ने व्यवस्था मिलाइएको छ ।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालिबाट वितरण भएकोछ । घटना दर्ता प्रत्येक वडा कार्यालयबाट विद्युतीय प्रणाली (Online) मार्फत गर्ने कार्य भैरहेकोछ । पुराना व्यक्तिगत घटना दर्ताका प्रमाणपत्रहरुलाई विद्युतिय प्रणालिमा प्रविष्ट गर्ने कार्य एकिकृत घुम्ति शिविरको माध्यमबाट सम्पन्न गरिएको छ । जसमा २७०८ जनाको घटना दर्ता प्रणालीमा प्रविष्ट गरिएको छ ।
- यस आर्थिक वर्षमा कृषि क्षेत्रमा गर्ने लक्ष्य राखिएका कार्यक्रम मध्ये वडा नं. ६ मा तरकारी तथा मौरी क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिएको छ । वडा नं.३ र ४ मा धनिया तथा खुर्सानी खेती क्षेत्र विस्तार, वडा नं. ५ मा मौरी, धनिया तथा खुर्सानी खेती क्षेत्र विस्तार कार्यक्रम सञ्चालन गरिएको छ । यस आर्थिक वर्षमा १७४ वटा मिनि ट्रिलर खरिद गरी वितरणको प्रक्रियामा रहेको छ ।

- गाउँपालिका भित्र रहेका पशुपालक किसानहरुलाई पशुपालनमा आकर्षित गर्न हिउँदै घाँसको बिउ वितरण, पशु तथ्याङ्क संकलन तथा सूचिकरण, सुधारिएको गोठ खोर, एक वडा एक नमुना पशु श्रोत केन्द्र स्थापना, आधुनिक यन्त्र औजार वितरण र उन्नत पशु वितरण गर्ने कार्यको सुरुवात भएको छ ।
- यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई प्रभावकारी रुपमा सञ्चलन गर्न १ दिने अभिमुखीकरण तालिम सम्पन्न भएको छ । सहकारीलाई व्यवस्थित गर्न तिनाउका सहकारी र अबको बाटो विषयक १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । सहकारी संस्था नियमन तथा अनुमन निर्देशिका निर्माण गरी लागु गरिएको छ ।
- समृद्धिका लागि वन परियोजनाको शाखा स्थापना गरी हाल गाउँपालिका भित्र रहेका सम्भावित वृक्षारोपण योग्य निजि सार्वजनिक ऐलानी पर्ति तथा सरकारी जग्गाको पहिचान तथा सुझाव संकलन गर्ने कार्य सम्पन्न भएको छ । निजि जग्गामा वृक्षारोपण गर्ने सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व.मा न्यूनतम रोजगारीमा संलग्न हुन चाहने सूचिकृत वेरोजगार व्यक्तिहरु ६४४ जनाको सूचि तयार गरिएको छ । सूचिकृत भएका व्यक्तिहरुलाई १०० दिनको रोजगारी दिने कार्यक्रम अनुरुप ६९ जना व्यक्तिहरुलाई १०० दिनको रोजगारी पुग्ने किसिमले सबै वडाहरुमा आयोजनाहरु सञ्चालनको क्रममा रहेका छन् । यस कार्यक्रम अन्तर्गतका आयोजनाहरुमा लागत साझेदारीमा सञ्चालन गर्ने गरी बजेट व्यवस्था गरी आयोजना सञ्चालन गर्ने तयारीमा पुगिएको छ ।
- वैदेशिक रोजगारमा जाने व्यक्तिहरुका लागि पुनः श्रम स्वीकृती राजगार सेवा केन्द्रबाट ९ जना व्यक्तिहरुलाई प्रवाह गरिएको छ ।
- लक्षित वर्ग तर्फः हरितालिका तिज पर्ब २०८० का अवसरमा तिनाउ गाउपालिकाको वडास्तरी अन्तरवडा तिज गित तथा नृत्य प्रतियोगिता प्रत्येक वडामा सम्पन्न । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा तिनाउ गाउँपालिकाको सभाहल अर्घाछापमा सचेतना कार्यक्रम गरी सम्पन्न ।
- यस आ.ब.मा हाल सम्म १० वटा गाउकार्यपालिकाको बैठक बसी १५१ वटा निर्णय गरिएको ।
- सत्यवती मेलाका बखत मेला व्यवस्थापन तथा सुरक्षाका लागि मेला स्थलमा सि.सि. क्यामेरा जडान गरिएको साथै आवत जावत गर्न साना सवारी साधन संचालन सुरु गरिएको । सत्यवतिमा मेलाको अवसरमा जम्मा भएको भेटी गाउँपालिकाबाट कर्मचारी परिचालन गरी गणना गरीएको ।
- वर्षातको समयमा गाउँपालिका भित्र रहेका विभिन्न सडकहरुला सुचारु गर्ने कार्य सम्पन्न गरिएको ।
- गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्न दोभान खोला र झुम्सा खोलाको प्रारम्भिक वातावरणीय परिक्षण गर्ने कार्यको सुरुवात गरिएको ।

- गाउँपालिका भित्र निर्माण तथा स्तरउन्नती हुँदै गरेका सडक अधिकार क्षेत्रबाट निस्कने ढुङ्गा गिट्टी बालुलाई गाउँपालिकाको आयस्रोतको रुपमा संकलन गर्ने कार्यको सुरुवात भएको छ ।

**समस्या तथा चुनौतीहरु**

- आवश्यकता अनुसारका कर्मचारीहरु नभएको । उपलब्ध भए सम्मका कर्मचारीहरुबाट गाउँपालिकाको कार्यसम्पादन गर्ने ।
- नयाँ घरहरु हालसम्म मापदण्ड विना निर्माण भैरहेका छन् । दक्ष डकर्मि र सिकर्मिको अभावमा मापदण्ड अनुसार घर निर्माण हुन नसकेको । घर निर्माण गर्ने जस्तो महत्वपूर्ण कार्यलाई अभियानको रुपमा मापदण्ड अनुसार बनाउने ।
- सम्पूर्ण वडा कार्यालयहरुमा कर्मचारी व्यवस्थापन गरी जनतालाई नजिकको कार्यालयबाट सेवा उपलब्ध गराउने ।
- एकिकृत सम्पत्ति कर लागू गर्न नसकिएको । एकिकत सम्पत्ति कर लागु गरी राजस्व वृद्धि गर्ने ।
- स्थानीय स्तरमा जनचेतनाको अभिवृद्धि गर्न कठिनाइ भएको कारण लक्षित वर्गको लागि सञ्चालन गर्ने उद्देश्य राखिएका कार्यक्रमहरु बास्तविक लक्षित वर्ग सम्म पुग्न नसकेको । जनचेतनाको अभिवृद्धि गरी लक्षित कार्यक्रमहरु वास्तविक लक्षित वर्ग सम्म पुर्याउने ।
- गाउँबासीलाई इन्टरनेट मार्फत गाउँपालिकाका गतिविधीहरु अवलोकन गर्न अभिमुखिकरण गर्न नसकिएको । तिनाउ गाउँपालिकालाई सूचनामैत्री बनाइ Paper Less शासकीय प्रणाली अवलम्बन गर्ने ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरुको समयमै बैंक खाता खोल्न नसकिएको । बैंकका शाखाहरु सम्पूर्ण वडा कार्यालयहरुमा हालसम्म विस्तार नभएकोले लाभग्राहीलाई नजिकबाटै रकम उपलब्ध गराउने ।
- गाउँपालिका भित्र व्यवसायिक रुपमा पालन गरिने पशुहरुलाई रोगको संक्रमण हुनबाट जोगाइ स्वस्थ दुध, अण्डार मासु गुणस्तर युक्त उत्पादन गरि गाउँपालिकालाई पशु जन्य पदार्थमा आत्मनिर्भर हुन सफल बनाउने ।
- कृषि क्षेत्रलाई आधुनिकिकरण गर्न गाउँपालिकाले अवलम्बन गरेका कार्यक्रमहरु वास्तविक कृषक सम्म पुर्याउन कठिनाई रहेको । गाउँपालिकाका वास्तविक व्यवसायिक कृषक पत्ता लगाई कृषिमा गरिएको लगानीबाट व्यवसायिक कृषि प्रवर्द्धन गर्ने ।
- संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको आकर्षण कम रहेको । सामुदायिक र संस्थागत विद्यालय विच प्रतिस्पर्धात्मक वातावरणको सृजना गरी सामूदायिक विद्यालयमा वर्तमानमा देखिएको गुणस्तर प्रति अभिभावक तथा सरोकारवालाहरुको असन्तुष्टीलाई न्यूनिकरण गर्ने ।

- सुत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयन गर्न यस रहेका प्राविधिक कमजोरीहरुलाई सच्चाउन नसकिएको । प्रणाली सुधार गरी कार्यान्वयनमा ल्याउन सकेमा आर्थिक कारोबार सुचना मैत्री र यथार्थ परक बनाउन सकिने ।
- यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आफ्नै मापदण्ड पुगेको भवनहरु निर्माणको चरणमा रहेका । सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई आफ्नै मापदण्ड पुगेका भवनहरु मार्फत संचालनमा ल्याउने ।
- गाउँपालपिका भित्रका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई प्रयाप्त तालिमको व्यवस्था हुन नसकेको । आगामी आ.व. मा सबै स्वास्थ कर्मीहरुलाई तालिम दिने व्यवस्था मिलाउने ।
- गाउँपालिकाका सबै स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर सञ्चालन गर्ने, सामूदायिक स्वास्थ्य ईकाइको विस्तार गर्ने र स्वास्थ्य संस्थाहरुबाट दिइने स्वास्थ्य सेवालाई थप प्रभावकारी र गुणस्तरिय बनाउने ।
- गाउँपालिका भित्र पर्ने विभिन्न स्वास्थ्य चौकीहरुमा औषधि वितरण गर्न भण्डारण गर्ने कोठा तथा मापदण्ड अनुसार औषधि भण्डार गर्ने दराजहरुको अभाव रहेको छ । स्वास्थ्य जस्तो सम्बेदनशिल विषयलाई जनमानसमा जनचेतना अभिवृद्धि गराइ जनताले समय समयमा आफ्नो स्वास्थ्य परिक्षण गराउने बानी बसाल्ने ।

**गाउँसभाका सदस्यज्यूहरु**

अन्त्यमा,गाउँपालिकाले हालसम्म गरेका प्रगतिहरुको लागि सम्पूर्ण शाखाका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिँदै हाल देखिएका समस्याहरुलाई समाधान गर्दै चुनौतीको सामना गर्न सबै सरोकारवाला सदस्यज्यूहरु र कर्मचारीहरुलाई हार्दिक अनुरोध गर्दछु । यस कार्यमा मेरो तथा सम्पूर्ण गाउँपालिकाको भरपुर सहयोग हुने आश्वासन पनि यस गाउँसभा मार्फत व्यक्त गर्न चाहान्छु । यस सभाको तयारी एवं व्यवस्थानको लागि सहयोग गर्नुहुने सम्बन्धित गाउँसभाका सदस्य ज्यूहरु सबै कर्मचारीहरु लगायत सम्पूर्ण गाउँपालिका बासीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

प्रेम श्रेष्ठ

गाउँपालिका अध्यक्ष